# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय)

पत्र संख्याः
च.नं

श्री प्रमुखज्यू,
मिक्वाखोला गाउँपालिका,
ताप्लेजुङ्ग ।

मितिः २०७५/१२/१०

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मिक्वा खोला गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३० लाख ६२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख ७६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ लाख ४६ हजार र पेश्की रु.४० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १९ (उन्नाइस) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव-महालेखापरीक्षक

# लेखापरीक्षण प्रतिवेदन

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ जना गाउँसभा सदस्य, ४४२.९६ वर्ग किलोमिटर क्षेत्रफल तथा ९ हजार १६० जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७४/७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **५२०४२३१.२०** | १ | **चालु खर्च** | ९२४६५०२५.०० | **९२४६५०२५.००** |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | ८६५४८२२७.३२ | **८६५४८२२७.३२** |
| | ख) बैंक | ५२०४२३१.२० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **७०५३३.००** | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ७०५३३.०० | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ० | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) अन्य आय | ० | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **१८२१११०००.००** | | ऋण लगानी | ० | |
| | क) वित्तीय समानीकरण अनुदान | १२०६५००००.०० | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | ६१४६१०००.०० | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | ० | |
| | घ) विशेष अनुदान | ० | | ६ | **कोष खर्च** | ० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **६०००००.००** | ७ | **मौज्दात** | | **२६१०३६६९.०४** |
| | क) वित्तीय समानीकरण अनुदान | ० | | | क) नगद मौज्दात | ० | |
| | ख) सशर्त अनुदान | ६०००००.०० | | | ख) संचिकोषको बैंक मौज्दात | १३४८९७९४.०२ | |
| | ग) समपूरक अनुदान | ० | | | ग) सर्शतको निकासा को.ले.नि.का फिर्ता | ९४१५८७५.०२ | |
| | घ) विशेष अनुदान | ० | | | घ) धरौटीको बैंक मौज्दात | ३१९८०००.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | | | |
| | क) ऋण प्राप्ति | ० | | | | | |
| | ख) साँवा प्राप्ति | ० | | | | | |
| | ग) ब्याज प्राप्ति | ० | | | | | |
| ७ | **जिल्ला समन्वय समिति** | ३६०००.०० | **३६०००.००** | | | | |
| ८ | **विभिन्न कोषतर्फको आय** | ० | | | | | |
| ९ | **एल.जि.सी.डी.पी.** | १४८७०००.०० | **१४८७०००.००** | | | | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १० | सामाजिक सुरक्षा | ११९९२०००.०० | **११९९२०००.००** | | | | |
| ११ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४२९०००.०० | **४२९०००.००** | | | | |
| १२ | धरौटी आय | ३१९८०००.०० | **३१९८०००.००** | | | | |
| १३ | अन्य आय | ० | | | | | |
| | जम्मा | २०५१२७७६४.२० | २०५१२७७६४.२० | | जम्मा | २०५११६९२१.३६ | २०५११६९२१.३६ |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन । | |
| २. | **आय व्याय विवरण :** कार्यालयको आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ । लेखापरीक्षणमा पेश हुन आएको एकीकृत आय र व्ययको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेको छ ।<br>● कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार संचित कोषको बैंक मौज्दात रु.१,३५,००,६३६.८७ हुनुपर्नेमा बैंक स्टटमेन्ट अनुसार संचित कोषमा रु.१,३४,८९,७९४.०२ मात्र बाँकी रहेको देखिन्छ । जस अनुसार श्रेस्ता र बैं बीच रु.१०,८४२.८४ को फरक देखिएको छ । त्यसैले फरक पर्न गएको उक्त रकम एकिन गरी प्रमाण पेश हुनुपर्ने रु. | १०,८२४.८४ |
| ३. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । त गाउँपालिकाले यस वर्ष आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा गाउँपालिकाले तोकिए बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४. | **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार गाउँपालिकाले स्वीकृत गरेका कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित भएका छैनन् । त्यसैले स्वीकृत कानुन तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ५. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद इकाईको गठन, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन । | |

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन ।
- मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।

त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

६. **प्रमुख प्रशासकीय अधिकृतको परिवर्तन :** निजामती सेवा ऐन तथा नियमावलीम तोकिएको अवधिसम्म गाउँपालिकामा पदस्थापन भएका प्रमुख प्रशासकीय अधिकृतले कार्य गर्नुपर्दछ । २०७४ श्रावण देखि लेखापरीक्षण अवधि सम्म मन्त्रालयबाट आर्थिक अधिकार सहित तोकिएका प्रमुख प्रशासकीय अधिकृतको संख्या ७ जना रहेको छ । यसरी छिटो छिटो प्रशासनिक नेतृत्व परिवर्तन भईरहँदा त्यसले कार्य सम्पादन स्थितिमा पार्ने असर तर्फ समयमै ध्यान दिनुपर्दछ । गाउँपालिकामा २०७४ श्रावण देखि लेखापरीक्षण अवधि २०७५ माघ सम्ममा कार्यरत रहेका प्रमुख प्रशासकीय अधिकृतहरुको विवरण देहाय बमोजिम छ ।

| क्र.स | नाम | पद | कार्यरत अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री शिवकुमार राई | प्रमुख प्रशासकीय अधिकृत (शा.अ.) | २०७३/१२/१३ | २०७४/०५/१० |
| २ | श्री रेम्बु चाम्लिाङ राई | प्रमुख प्रशासकीय अधिकृत (शा.अ.) | २०७४/०५/११ | २०७४/११/२७ |
| ३ | श्री विमल कुमार याक्सो | नि. प्रमुख प्रशासकीय अधिकृत ( खरिदार) | २०७४/११/२८ | २०७४/१२/१२ |
| ४ | श्री कपलेश्वर यादव | नि. प्रमुख प्रशासकीय अधिकृत ( प्रा.स. कृषि) | २०७४/१२/१३ | २०७५/०३/२५ |
| ५ | श्री लवहाङ राई | प्रमुख प्रशासकीय अधिकृत (शा.अ.) | २०७५/०३/२६ | २०७५/०४/२४ |
| ६ | श्री रोलेन्द्र विक्रम जवेगु | प्रमुख प्रशासकीय अधिकृत (शा.अ.) | २०७५/०४/२६ | २०७५/०८/०३ |
| ७ | श्री योगेन्द्रराज गुरुङ | प्रमुख प्रशासकीय अधिकृत (शा.अ.) | २०७५/०८/०४ | हालसम्म |

७. **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ५ | ४ | ४ | १ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ५ वटा वडा सचिव मध्ये ४ जनाको पदपूर्ति भई १ जनाको दरबन्दी मात्र रिक्त रहेको छ ।

८. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(हजारमा)

| सि.नं | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | वित्तीय सामानीकरण ( पूँजीगत) | १०१२२२ | ३०२७ | २३६६९ | ७४५२६ | ५०८८४ |
| **प्रतिशत** | | **१००** | **२.९९** | **२३.३८** | **७३.६३** | **५०.२७** |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ७३.६३ प्रतिशत र आषाढ महिनामा मात्र ५०.२७ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा

कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

९. **सःशर्त अनुदान :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४/७५ च.नं. १०६४ मिति २०७५/०३/०३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा देहाय अनुसार खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ३,३२,३००.००

| क्र.स | शिर्षक | जम्मा अनुदान | खर्च | बांकी (फिर्ज गर्नुपर्ने रकम) | कैफियत |
|---|---|---|---|---|---|
| १. | एल.जी.सी.डी.पी. | १४८७०००.०० | १३६९१००.०० | ११७९००.०० | |
| २. | साजिक सुरक्षा | ११९९२०००.०० | ११७७७६००.०० | २१४४००.०० | वडा कार्यालयबाट फिर्ता समेत |
| | **जम्मा** | **१३४७९०००.००** | **१३१४६७००.००** | **३३२३००.००** | |

१०. **पेश्की खाता अद्यावधिक नरहेको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार कर्मचारीको कर्मचारीको हकमा पद र प्रयोजन तथा अन्य व्यक्तिको हकमा सो व्यक्तिको तीनपुस्ते, स्थायी र अस्थायी ठेगाना प्रस्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले यस आ.ब. मा दिएको पेश्की सम्बन्धी विवरण अद्यावधिक राखेको छैन । जसबाट कार्यालयको दिएको, फछ्र्यौट भएको र फछ्र्यौट हुन बाँकी पेश्की रकम सम्बन्धमा यकिन गर्न सकिजे अवस्था छैन् । त्यसैले पेश्की कारोबारमा अनियमितता तथा हानी नोक्सानी समेत हुन सक्ने सम्भावना रहेकाले तत्काल पेश्की लेजर अद्यावधिक गरी बाँकी पेश्की रकम यकिन गर्नुपर्ने देखिन्छ ।

११. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिइएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्न अनुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की २०७५ आषाढ मसान्तसम्ममा फछ्र्यौट गरेको देखिएन । नियमानुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको रु. ४०,०००.००

| क्र.सं. | बजेट शिर्षक | पेश्की लिनेको व्यक्ति/संस्थाको नाम | पेश्की रकम |
|---|---|---|---|
| १. | ८०१४०३४ | प्रहरी चौकी लिवाङका स.ई. श्री सर्वधन राई | ४००००.०० |

१२. **फरक शीर्षकमा लेखांकन** : नेपाल सरकारबाट स्वीकृत खर्च शीर्षक वर्गीकरण र व्याख्या अनुरुप विभिन्न कार्य तथा सेवाको खर्च लेखांकन हुनुपर्दछ । कार्यालयले मेशिन, औजारको लागि विनियोजित रकमबाट विभिन्न फर्निचर सामग्री खरिद गरी रु. २,५५,४३७- खर्च लेखेको पाइयो । यसरी एक कार्यको लागि विनियोजन भएको रकम अर्कै कार्यमा खर्च गरेको मनासिब देखिएन ।

१३. **अग्रिम कर कट्टी :** आयकर ऐन, २०५८ दफा ८८(१) अनुसार नेपालमा स्रोत भाडा भुक्तानी गर्दा कूल भुक्तानी रकमको १० प्रतिशतका दरले र दफा ८९(१) अनुसार सामान्य ठेक्का वा करार वापत ५० हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित फर्महरुबाट रु. ५० हजारभन्दा बढी मूल्यका विभिन्न मालसामान खरिद गरेकोमा उक्त प्रावधान अनुसार अग्रिम कर कट्टी गरेको नपाइएको वा घटी कट्टी गरेको पाइएकोले छुट कर वापतको रकम असूल हुनुपर्ने रु. १४५,६१३.००

| **गो.भौ.न./मिति** | **कार्य विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** | **कट्टी भएको कर** | **छुट कर रकम** |
|---|---|---|---|---|---|
| ३४८, ३६८ | सर्वेक्षण शुल्क | आस्था इञ्जिनीयरिङ्ग, काठमाडौं | ७५०,०००/- | - | ९९५६ |
| १४१-०७५/१/१९ | रोड वे एक्साभेशन | लाभ कन्स्ट्रक्शन एण्ड सप्लायर्स | ७८५८५००/- | - | ११७,८७८ |
| ४३०-०७५/३/२५ | सर्वेक्षण शुल्क | रेडपाण्डा इञ्जिनीयरिङ्ग सर्विसेज, इलाम | १३४,०००/- | - | २०,१०० |
| ८-०७४/९/९ | फर्निचर ढुवानी | | १५०००//- | - | १५०० |
| ७०-०७४/१२/२१ | औषधी ढुवानी | | २९,३९०/- | १६०/- | २७७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५५-०७५/१/१९ | तार जाली ढुवानी | | १००,०००/- | - | १०००० |
| २६५-०७५/३/७ | फर्निचर ढुवानी | | ३४,०००/- | - | ३४०० |
| | | **जम्मा** | | - | **१४५,५१३/-** |

१४. **एकीकृत सम्पत्ति कर तयारी खर्च** : कार्यालयले एकीकृत सम्पत्ति कर लगाउने प्रयोजनका लागि घरधुरी सर्वेक्षण तथा तथ्यांक संकलन सम्बन्धी कार्य गरेको लेखेको छ । उक्त खर्च अन्तर्गत ८ संकलकको पारिश्रमिक तथा खाजा खर्च, पदाधिकारी अभिमुखीकरण तथा बाटो खर्च, तालिम/प्रशिक्षण भत्ता, स्टेशनरी/मसलन्द लगायतका खर्च रहेका छन् । एकीकृत सम्पत्ति कर उठाउनका लागि उक्त खर्च भएको भए तापनि हालसम्म उक्त कर वापत गाउँपालिकालाई कुनै राजस्व प्राप्त भएको देखिएन । अतः प्रभावकारी रुपमा उक्त करको कार्यान्वयन गरी गाउँपालिकाको आन्तरिक राजस्व परिचालन क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ

## ब.उ.शि.नं. ८०१४०२३ (वित्तीय सामानीकरण चालुतर्फ )

१५. **भ्रमण खर्च स्थिति र दुरुपयोगको सम्भावना :** प्रदेश नं. १ अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत यस वर्ष रु.३७,११,३१७ भुक्तानी भएकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

- गाँउपालिकाका निम्न पदाधिकारीलाई मासिक रुपमा देहाय बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराएको छ :

| सि.नं. | पद | विवरण | मासिक भ्रमण खर्च | बार्षिक भ्रमण खर्च |
|---|---|---|---|---|
| १ | गाँउपालिका अध्यक्ष | मासिक २ वटा भ्रमण बिलबाट रु.२०,०००.०० भुक्तानी । | २००००.०० | २४००००.०० |
| २ | गाँउपालिका उपाध्यक्ष | | २००००.०० | २४००००.०० |
| ३ | वडा अध्यक्ष | मासिक २ वटा भ्रमण बिलबाट रु.२०,०००.०० का दरले ५ जना वडा अध्यक्षको । | १०००००.०० | १२०००००.०० |
| ४ | वडा सचिव | मासिक २ वटा भ्रमण बिलबाट रु.१५,०००.०० का दरले ५ जना वडा वडा सचिवको । | ७५०००.०० | ९०००००.०० |
| | | **जम्मा** | **२१५०००.००** | **२५८००००.००** |

- पदाधिकारीको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी दिंदा मासिक निश्चित र समान दर कायम हुने गरी रकम भुक्तानी गर्ने गरेको ।
- अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन स्पष्ट नभएकाले कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको ।
- आवश्यकता र औचित्य बेगर अधिकांश भ्रमणका समयावधि ७ दिनको हुने गरेको ।
- अधिकांश भ्रमणहरु जिल्ला सदरमुकाममा जनाई सो वापत भ्रमण खर्च भुक्तानी लिने गरेको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नराखेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- गाँउपालिका अध्यक्षको ३ दिन भन्दा बढी समयको भ्रमण गर्नु पर्दा नियमानुसार कार्यपालिकाबाट भ्रमणको पूर्व स्वीकृत लिने नगरेको ।
- गाँउपालिका अध्यक्ष र उपाध्यक्षका निजी सचिव तथा अवैतनिक सल्लाहकारलाई समेत दैनिक भ्रमण भत्ताबाट निश्चित रकम भुक्तानी दिने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी

| | | |
|---|---|---|
| | गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखिन्छ । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १६. | **बैठक भत्ता तथा अन्य खर्च :** प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको लिएको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । उल्लेखित प्रदेश कानूनले व्यवस्था गरे भन्दा बढी दिनको बैठक भत्ता तथा सोमा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी लिएको दैनिक भ्रमण भत्ता लगायत तोकिए भन्दा विपरित हुने गरी भुक्तानी लिएको कर बाहेकको देहाय बमोजिमको असूल गर्नुपर्ने देखिएको रु. | ५,९५,८००.०० |

| क.स | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| | | **वडा नं. १** | |
| १ | विभिन्न | प्रदेश कानून अनुसार बार्षिक बढीमा २४ वटा सम्म बैठकको भत्ता खर्च लेख्न सकिनेमा ३६ वटा बैठकको भत्ता रकम खर्च लेखी बढी भुक्तानी दिएको रु. | ६१२००.०० |
| २ | | वडा अध्यक्ष श्री अमृत लिम्बुलाई बार्षिक १२ वटा भ्रमण विलको भुक्तानी गर्दा प्रदेश कानूनले तोकेको दर भन्दा प्रतिदिन रु.४००।०० का दरले बढी भुक्तानी रु. | ६००००.०० |
| | | **वडा नं. २** | |
| ३ | विभिन्न | प्रदेश कानून अनुसार बार्षिक बढीमा २४ वटा सम्म बैठकको भत्ता खर्च लेख्न सकिनेमा ३६ वटा बैठकको भत्ता रकम खर्च लेखी बढी भुक्तानी दिएको रु. | ६१२००.०० |
| ४ | | वडा अध्यक्ष श्री सुरेश थापालाई बार्षिक १२ वटा भ्रमण विलको भुक्तानी गर्दा प्रदेश कानूनले तोकेको दर भन्दा प्रतिदिन रु.४००।०० का दरले बढी भुक्तानी रु. | ६००००.०० |
| | | **वडा नं. ३** | |
| ५ | विभिन्न | प्रदेश कानून अनुसार बार्षिक बढीमा २४ वटा सम्म बैठकको भत्ता खर्च लेख्न सकिनेमा ३६ वटा बैठकको भत्ता रकम खर्च लेखी बढी भुक्तानी दिएको रु. | ६१२००.०० |
| ६ | | वडा अध्यक्ष श्री दिपेन्द्र कुमार लिम्बुलाई बार्षिक १२ वटा भ्रमण विलको भुक्तानी गर्दा प्रदेश कानूनले तोकेको दर भन्दा प्रतिदिन रु.४००।०० का दरले बढी भुक्तानी रु. | ६००००.०० |
| | | **वडा नं. ४** | |
| ७ | विभिन्न | प्रदेश कानून अनुसार बार्षिक बढीमा २४ वटा सम्म बैठकको भत्ता खर्च लेख्न सकिनेमा ३६ वटा बैठकको भत्ता रकम खर्च लेखी बढी भुक्तानी दिएको रु. | ६१२००.०० |
| ८ | | वडा अध्यक्ष श्री भिम बहादूर लिम्बुलाई बार्षिक १२ वटा भ्रमण विलको भुक्तानी गर्दा प्रदेश कानूनले तोकेको दर भन्दा प्रतिदिन रु.४००।०० का दरले बढी भुक्तानी रु. | ६००००.०० |
| | | **वडा नं. ५** | |
| ९ | विभिन्न | प्रदेश कानून अनुसार बार्षिक बढीमा २४ वटा सम्म बैठकको भत्ता खर्च लेख्न सकिनेमा ३६ वटा बैठकको भत्ता रकम खर्च लेखी बढी भुक्तानी दिएको रु. | ५१०००.०० |
| १० | | वडा अध्यक्ष श्री डण्डु लामा शेर्पालाई बार्षिक १२ वटा भ्रमण विलको भुक्तानी गर्दा प्रदेश कानूनले तोकेको दर भन्दा प्रतिदिन रु.४००।०० का दरले बढी भुक्तानी रु. | ६००००.०० |
| | | **जम्मा** | **५९५८००.००** |

| | | |
|---|---|---|
| १७. | **दोहोरो सुविधा :** प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको लिएको दिन देखि लागू हुने गरी तोकिए बमोजिम | |

मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ। उक्त कानूनको अनुसूची १ बमोजिम पदाधिकारीलाई मासिक रुपमा भुक्तानी हुने तलबमा अनुगमन, यातायत, संचार खर्च वापतको रकम समावेश भईसकेकाले देहाय बमोजिम दोहोरो पर्ने गरी भुक्तानी भएको रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. ९६,०००.००

| क्र.स | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | विभिन्न | वडा नं. १ का अध्यक्षलाई भुक्तानी भएको दोहोरो संचार खर्च रु. | २४०००.०० |
| २ | | वडा नं. २ का अध्यक्षलाई भुक्तानी भएको दोहोरो संचार खर्च रु. | २४०००.०० |
| ३ | | वडा नं. ३ का अध्यक्षलाई भुक्तानी भएको दोहोरो संचार खर्च रु. | २४०००.०० |
| ४ | | वडा नं. ४ का अध्यक्षलाई भुक्तानी भएको दोहोरो संचार खर्च रु. | २४०००.०० |
| | | **जम्मा** | **९६०००.००** |

१८. **असूल गर्नुपर्ने :** गो.भौ.४८०-२०७५/३/२५, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पर्याप्त आधार प्रमाण राखेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयले स्पष्ट आधार, कार्य र मापदण्ड बेगर भर्पाइका आधारमा भुक्तानी दिएका देहाय बमोजिमको सुपरीवेक्षण खर्च असूल गर्नुपर्ने रु. १,८२,७५०

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | एकीकृत सम्पत्ती कर सम्बन्धी प्रोफाईल तयार गर्दा ५ वडा अध्यक्षबाट कर बाहेकको भुक्तानी रकम रु. | ५१०००.०० |
| २ | एकीकृत सम्पत्ती कर सम्बन्धी प्रोफाईल तयार गर्दा ५ वडा सचिवबाट कर बाहेकको भुक्तानी रकम रु. | ४०,८००.०० |
| ३ | बैठक बसेको माइन्यूट र प्रमाण बेगर ३१ पदाधिकारीलाई भुक्तानी दिएको कर बाहेकको बैठक भत्ता रकम रु. | ९०९५०.०० |
| | **जम्मा** | **१८२,७५०.००** |

विवरण १:

| पद | नाम | रकम (कर बाहेक) रु. |
|---|---|---|
| वडा अध्यक्ष | श्री अमृत बहादुर लिम्बु | १२७५०.०० |
| वडा अध्यक्ष | श्री सरेश थापा | १२७५०.०० |
| वडा अध्यक्ष | श्री दिपेन्द्र कुमार लम्बु | १२७५०.०० |
| वडा अध्यक्ष | श्री भीम बहादुर लिम्बु | १२७५०.०० |
| | **जम्मा** | **५१०००.००** |

विवरण २:

| पद | नाम | रकम (कर बाहेक) रु. |
|---|---|---|
| वडा सचिव | श्री गजेन्द्र राज बराल | १०२००.०० |
| वडा सचिव | श्री प्रेम बहादुर कार्की | १०२००.०० |
| वडा सचिव | श्री अशोक यादव | १०२००.०० |
| वडा सचिव | श्री सगुन साँवा | १०२००.०० |
| | **जम्मा** | **४०८००.००** |

१९. **निजी सचिव र सल्लाहकार** : प्रदेश नं. १ अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) अनुसार गाँउपालिकाको अध्यक्ष र उपाध्यक्षले गाँउपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ। तर कार्यालयले राजस्व र आन्तरिक एवं कार्यबोझलाई ध्यान नदिई गाँउपालिकाको यस वर्षको आन्तरिक आय जम्मा रु.७०,५३३।०० मात्र रहेको अवस्थामा अध्यक्ष र उपाध्यक्षका लागि तलबी निजी सचिव तथा अध्यक्षका २ र उपाध्यक्षका १ अवैतनिक सल्लाहकार नियुक्त गरी निजहरुलाई समेत दैनिक भ्रमण भत्ताबाट निश्चित रकम उपलब्ध गराउँदै आएको देखिन्छ।

| क्र.स. | | सल्लाहकार | निजी सचिव |
|---|---|---|---|
| १ | अध्यक्ष श्री राम कुमार | राजनैतिक सल्लाहकार श्री ताराहाङ्ग | श्री लक्ष्मी प्रसाद |

| | | | |
|---|---|---|---|
| | साँवा | साँवा<br>प्रेस सल्लाहकार श्री मंगल सिंह साँवा | थलङ |
| २ | उपाध्यक्ष श्री रुद्र कुमारी प्राङदेन (साँवा) | राजनैतिक सल्लाहकार श्री घदिन्द्र थापा | श्री पुनम लिम्बु |

त्यसैले कानूनबाट भएको व्यवस्था बमोजिमको सुविधा प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२०. **वडा कार्यालयबाट भएको खर्च :** गाँउपालिकाले आफु अन्तर्गतका ५ वडा कार्यालयलाई विभिन्न शिर्षकमा रु.१०,००,०००।०० का दरले जम्मा रु.५०,००,०००।०० भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाँउ कार्यपालिका समेतबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, भ्रमण, विविध लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाँउपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले वडा कार्यालयबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्नुपर्ने देखिन्छ ।

## साना सिंचाई कार्यक्रम तर्फ

२१. **अग्रिम आयकर** : आयकर ऐन २०५८ को दफा ८९ मा ५० हजार भन्दा माथिको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्ने र ९५(क) मा कट्टी रकम समयमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारका कारोबार अग्रीम आयकर कट्टा नगरेकाले कर रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १८,७४२.५०

| क्र.स. | भौ.नं. र मिति | नाम | भुक्तानी रकम (मू.अ.क. बाहेक) | असूल गर्नुपर्ने अग्रीम आयकर |
|---|---|---|---|---|
| १ | २३४/०७५/३/३ | श्री न्यू पाथीभरा हार्डवेयर सेन्टर, ताप्लेजुङ | १२४९५००.०० | १८७४२.५० |

## ब.उ.शि.नं. ८०१४०२३ (वित्तीय समानीकरण पूँजीगततर्फ)

२२. **उपभोक्ता समिति दर्ता** : संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिंदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२३. **लागत सहभागिता** : गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यालयले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावली तथा नगरपालिकाले लागू गरेको कार्यविधिको उक्त व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न विकास निर्माण तथा पूर्वाधार योजनामा रु. ८ करोड ६५ लाख ४८ हजार खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२४. **मर्मत सम्भार कोष** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-

| | | |
|---|---|---|
| | सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| २५. | **हेभी इक्विपमेण्टको प्रयोग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| २६. | **निर्माण कार्यको गुणस्तर :** गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| २७. | **जटिल संरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| २८. | **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च :** महालेखा नियन्त्रक कार्यालयले २०७४ कार्तिकमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा भेषभुषा खरिद, जेष्ठ नागरिक, एकल महिला सम्मान, महिला स्वयंसेविका प्रोत्साहन जस्ता चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| २९. | **फर्म वर्कमा बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृत नर्म्स नं. E1, ८–३क (फर्मा र टेकाको काम) मा उल्लेख भए अनुसार ढलान कार्यमा हुने फर्म वर्कको लागत अनुमान तयार गर्दा सो मा प्रयोग हुने काठ ६ पटकसम्म प्रयोग गर्ने गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त कार्यको लागत अनुमान तयार गर्दा अधिकांशमा ३ पटक प्रयोग गर्ने गरी र कतिपयमा १ पटकमात्र प्रयोग हुने गरी लागत अनुमान तयार गरेको कारणबाट निम्नलिखित ३० योजनाको निर्माण कार्यको फर्म वर्कमा देहाय अनुसार रु. १९४,११८/- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असूल हुनुपर्नेरु. | १,९४,११८.०० |

| भौ.नं./ मिति | योजनाको नाम | फर्म वर्कको परिमाण (व.मी.) | काठको प्रयोग ६ पटक गर्दा हुने दर | भुक्तानी दर रु. | बढी दर रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १८४-०७५/२/०३ | सेलसेले खोला आर.सि.सी. कल्भर्ट | ३१.९५ | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ८४०३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६१-०७५/३/२५ | जनता आ.वि. भवन | ९४.४९ | ५९८/४१ | ७६९/०४ | १९७/६३ | १८६७४ |
| १३०-०७५/१/०७ | माथिल्लो दाङसाङ्ग तिम्बा आर.सि.सी. कल्भर्ट | ३४.३४ | ५९८/४१ | ८२३/५१ | २२५/१० | ७७३० |
| १४३-०७५/१/१६ | लिबाङ्ग आर.सि.सी. कल्भर्ट | ३३.६० | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ८८३७ |
| १६३-०७५/१/१९ | माथिल्लो हेम्बा आर.सि.सी. कल्भर्ट | २५.४० | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ६६८१ |
| १६४-०७५/१/१९ | तल्लो हेम्बा आर.सि.सी. कल्भर्ट | २५.४० | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ६६८१ |
| १७२-०७५/१/२१ | साँवा आर.सि.सी. कल्भर्ट | ३०.६३ | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ८०५६ |
| १९१-०७५/१/ | खहरेखोला आर.सि.सी. कल्भर्ट | ३६.९० | ५९८/४१ | ८२३/५१ | २२५/१० | ८३०६ |
| २५९-०७५/३/२५ | तल्लो दाङसाङ्ग तिम्बा आर.सि.सी. कल्भर्ट | २१.३६ | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ५६१८ |
| २८८-०७५/३/८ | सिम्बुक जोर आर.सि.सी. कल्भर्ट | ३६.९० | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ८७०९ |
| २८९-०७५/३/८ | सिम्बुक पर्तेकी खोला आर.सि.सी. कल्भर्ट | ३५.२५ | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ९२७१ |
| ३१५-०७५/३/१४ | नाम्दाङ्ग मेदातरङ्ग आर.सि.सी. कल्भर्ट | ५२.२८ | ५९८/४१ | १९२४/९९ | १३२६/५८ | ६९७५२ |
| ३१७-०७५/३/१४ | न्याजु आर.सि.सी. कल्भर्ट | ३५.४२ | ५९८/४१ | ८७२/९९ | २७४/५८ | ९७२६ |
| ३१८-०७५/३/१७ | लुतेखोला आर.सि.सी. कल्भर्ट | ३३.६० | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ८८३७ |
| ३३५-०७५/३/२० | लुतेखोला आर.सि.सी. कल्भर्ट | ३३.६० | ५९८/४१ | ८६१/४३ | २६३/०२ | ८८३७ |
| | | | | | **जम्मा** | **१९४,११८/-** |

३०. **बिजक बेगर मू. अ. कर भुक्तानी** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा सिमेण्ट तथा फलामे डण्डीको स्वीकृत जिल्ला दरमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान दर निर्धारण गरिएको र सोही दरमा सम्झौता गरी उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएको छ । तसर्थ उपभोक्ता समितिले मू.अ.कर दर्तावाला फर्मसँग उक्त सामग्री खरिद गरेको मू. अ. कर बिजक तथा सोमा भुक्तानी भएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. २०,६९२.००

| भौ.नं./मिति | योजनाको नाम | विवरण | भुक्तानी भएको मू.अ.कर |
|---|---|---|---|
| ३१-०७४/१०/१२ | बखोटे खानेपानी योजना (इण्टेक) | सिमेण्ट, डण्डी | १,०२२/- |
| ४३-०७४/११/२७ | नवीन कृषक समूह (बाटो) | सिमेण्ट, डण्डी | ४,११७/- |
| ३६०-०७५/३/२५ | डाँडागाउँ महिला भवन | सिमेण्ट, डण्डी | १५,५५३/- (नपुग बिजक) |
| | | **जम्मा** | **२०,६९२/-** |

३१. **माटो र चट्टान काट्ने कार्यको अनुपात :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो

योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा चट्टानको अनुपात ४० देखि शत प्रतिशतसम्म राखेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| योजनाको नाम | एक्साभेशनकोकूल परिमाण (घ.मी.) | एक्साभेशन दर रु. | स्वाइल कटिङ्ग प्रतिशत | रक कटिङ्ग प्रतिशत |
|---|---|---|---|---|
| भञ्ज्याङ – खोकलिङ – लिबाङ–सांवा–पापुङ सडक | ३३७३८ | २९६/३० | ६० | ४० |
| थुकिमा–संक्राते–सप्सीबोटे ग्रामीण सडक | ५२१२ | २१७/४४ | ७५ | २५ |
| खोक्लिङ पहरो कटान बाटो निर्माण | ५२१२ | ७६६/९२ | ० | १०० |
| लप्सीबोटे–फुङफुङे झरना सडक | १२६९८ | २९५/७९ | ४० | ६० |
| सगरमाथा क्षेत्रीय सडक | ३३२८ | ३१६/९८ | ६० | ४० |

३२. **नियम विपरित उपभोक्ता समितिबाट कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु. १ करोडसम्म लागत भएको निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । कार्यालयले रु. १ करोडभन्दा बढी लागत अनुमान भएका निम्नलिखित सडक योजना उपभोक्ता समितिबाटै गराएको पाइयो । यस्ता ठुला आयोजना निर्माणको कार्य बोलपत्र प्रक्रिया मार्फत् गराउँदा प्रतिस्पर्धात्मक र मितव्ययी हुन सक्ने अवस्थामा नियम विपरित उपभोक्ता समितिबाट गराएको नियमसम्मत देखिएन ।

| भौ.नं. | योजनाको नाम | सम्झौता मिति | लागत अनुमान | कूल लागत अनुमान (कण्टि. र मू.अ.क कर सहित) | गा.पा.ले व्यहोर्ने रकम | भुक्तानी रु. (कण्टिन्जेन्सी कटाई) |
|---|---|---|---|---|---|---|
| ३५ र १४१ | भञ्ज्याङ–खोकलिङ–लिबाङ–सांवा–पापुङ सडक | ०७४/११/०१ | ९९,९६,६८६/- | ११८,६१,०६८/- | ८८,७६,४२२/- | ८८,७६,४२२/- |

३३. **अनुत्पादक क्षेत्रमा लगानी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, इसाई चर्च, गुम्बा निर्माण/मर्मत, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष निम्नलिखित १४ वटा त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार रु. ५७ लाख ८० हजार खर्च गरेको पाइयो । जस अन्तर्गत ५ वटा चर्च तथा ५ वटा गुम्बा/माङहिम निर्माण/मर्मतको लागि गरेको खर्च रु. २३ लाख ३० हजार समेत समावेश छ ।

अतः यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

| सि.नं. | योजनाको नाम | खर्च रकम रु. |
|---|---|---|
| १. | क्रिश्चियन चर्च मण्डली, खोक्लिङ | १००,००० |
| २. | जिसस फेमिली चर्च, लिबाङ | ९५,००० |
| ३. | इसाई समाज भवन, लिबाङ | ३५००० |
| ४. | चर्च भवन शौचालय, वडा नं. २ | ३०,००० |
| ५. | मानेडाँडादेखि चर्चसम्म मोटरबाटो | १००,००० |
| ६. | साङ्छ्योलिङ्ग गुम्बा, पापुङ्ग | ७००,००० |
| ७. | माङहिम भवन निर्माण | ३२०,००० |

| | | |
|---|---|---|
| ८. | माङहिम निर्माण, थलङ्ग सेवा केन्द्र | १५०,००० |
| ९. | तिलजुङ गुम्बा निर्माण | ७००,००० |
| १०. | किलिङ गुम्बा मर्मत | १००,००० |
| ११. | किलिङ खेल मैदान | १५०,००० |
| १२. | डाँडागाउँ महिला भवन | १७००,००० |
| १३. | महिला भवन, खोक्लिङ्ग | १३००,००० |
| १४. | खेलकुद तालिम केन्द्र | ३००,००० |
| | **जम्मा** | **५,७८०,०००/-** |

३४. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । साथै लागत अनुमान तयार गर्दा निर्माण सामग्री तथा ज्यालाको दर नियम १४८ अनुसार गठित दररेट निर्धारण समितिले निर्धारण गरे अनुसारको दर राखी गर्नुपर्दछ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

३४.१ गो.भौ.२३५-०७५/३/३, **उन्नत अलैंची कृषक समूह, खोक्लिङ्ग**लाई रु. ४००,४७२।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा 20 mm dia, 16kg/cm2 को पाइपको स्वीकृत जिल्ला दर प्रति मीटर रु. २९।११ रहेकोमा रु. ४०। का दरले भुक्तानी गरेको पाइयो । जस अनुसार प्रति मीटर रु. १०।८९ का दरले ४२०० मीटरको बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. ४५,७३८.००

३४.२ गो.भौ.२५०-०७५/३/६, **पञ्चेश्वरी मा. वि. मर्मत उपभोक्ता समिति**लाई रु. ५००,०००। भुक्तानी गरेको बिल, भपाई परीक्षण गर्दा निम्न लिखित आइटमको भुक्तानी स्वीकृत दर विश्लेषणबाट तय भएको दरभन्दा बढी दरबाट भुक्तानी गरी निम्नानुसार रु. बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. १८५४६.००

| आइटम | एकाई | परिमाण ( के.जी.) | स्वीकृत दर | खरिद दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 12.5mm Cement Plaster in floor (1:4) | Sq.m. | १४१.५९ | ३९७/९२ | ४०४/९२ | ७/- | ९९१/- |
| 20mm Cement Plaster in Ceiling (1:4) | Sq.m. | १०८.१९ | ५८२/०८ | ७४४/३४ | १६२/२६ | १७५५५/- |
| | | | | | **जम्मा** | **१८,५४६/-** |

३४.३ गो.भौ.२६८-०७५/३/७, **तिलजुङ्ग बाल विकास केन्द्र भवन** निर्माण उपभोक्ता समितिलाई रु. ३००,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत डिजाइन, लागत अनुमानमा स्टोन सोलिङको मोटाइ २० से.मी. रहेकोमा नापी किताबमा १.८३ से.मी. मोटाइ राखी उक्त कार्यको परिमाण गणना गरेको पाइयो । जसको कारणबाट १४.२ मीटर लम्बाइ र ४६ से.मी. चौडाइमा कार्य हुँदा १०.५१ घ.मी. बढी कार्य परिमाण गणना भई प्रति घ.मी. रु. २९१०।- का दरले रु. ३०,५८४।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. ३०,५८४.००

३४.४ गो.भौ.२६९-०७५/३/७, **हाँडीखोला लघु जल विद्युत योजना** निर्माण उपभोक्ता समितिलाई रु. २,००,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा नापी किताब तथा प्राविधिक बिल मूल्यांकन अनुसार कूल मूल्यांकित रकम रु. १६६,७५१। मा जनश्रमदान वापत रु. १६,७५१। कटाई रु. १५०,०००। मात्र भुक्तानी दिनुपर्ने देखिएकोमा अग्रिम कर बाहेक रु. १,९८,९७२। भुक्तानी दिएको पाइयो । जसको कारणबाट रु. ४८,९७२। बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. ४८,९७२.००

३४.५ गो.भौ.२३५-०७५/३/३, **लिबाङ्ग खानेपानी आयोजना,** उपभोक्ता समितिलाई पाइप खरिद वापत रु. २,५०,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा 16 mm dia, 10kg/cm2 को पाइपको स्वीकृत जिल्ला दर प्रति मीटर रु. २९।११ रहेकोमा रु. ४०। का दरले भुक्तानी गरेको पाइयो । जस अनुसार प्रति मीटर रु. १०।८९ का दरले २४०० मीटरको बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. २६,१३६.००

३४.६ गो.भौ.३२०-०७५/३/१७, **किलिङ्ग ओडार पुल निर्माण** उपभोक्ता समितिलाई पाइप खरिद वापत रु.

५००,०००।- भुक्तानी गरेकोमा निर्माण सामग्री ढुवानीको लागि तौल गणना गर्दा निम्नानुसार १५०१ के.जी. बढी गणना गरेको पाइयो । जसको कारणबाट प्रति के.जी. रु. ६०। का दरले रु. ९०,०६०। बढी ढुवानी खर्च भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. ९०,०६०.००

| आइटम | एकाई | प्रति इकाई लाग्ने सिमेण्ट (के.जी.) | जम्मा तौल (के.जी.) | कूल जम्मा (के.जी.) | राखेको तौल ( के.जी.) | बढी तौल ( के.जी.) |
|---|---|---|---|---|---|---|
| RRM (1:6) | Cu. m | १०६ | ११८७ | २३८० | ३८८१ | १५०१ |
| Steel Deck, Cross Beam, Serdge Wire | | | ११९३ | | | |

३४.७ गो.भौ.२६६-०७५/३/७, **खानेपानी आयोजना** मर्मत/सुधार योजना उपभोक्ता समिति, पापुङ्गलाई रु. १०,००,०००।- भुक्तानी गरेकोमा निम्न लिखित आइटमको भुक्तानी ओभरहेड सहितको दरबाट गरी रु. ११५,०४४/- बढी भुक्तानी गरेको पाइएकोले बढी बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. १,१५,०४४.००

| आइटम | एकाई | परिमाण | ओभरहेड बाहेकको दर | भुक्तानी दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| E/W in Excavation in Foudation | Cu.m. | ५३५.६० | ४४३/४२ | ५०९/९३ | ६६/५१ | ३५६२३ |
| Earth Back filling | Cu.m. | ४८६ | ३२०/- | ३६८/- | ४८/- | २३३२८ |
| Stone Soling | Cu.m. | २.५२ | ३९८२/५० | ४५७९/८७ | ५९७/३७ | १५६५ |
| Stone Masonary (1:4) | Cu.m. | १०.२८ | १७९९७/१४ | २०६९६/७१ | २६९९/५७ | २७७५२ |
| PCC M10 (1:2:4) | Cu.m. | २.६२ | ३६५६५/३० | ४२०५०/०९ | ५४८४/७९ | १४३७० |
| Form Work | Cu.m. | ६.०५ | ६०५/७७ | ६९६/६४ | ९०/८७ | ५५० |
| Reinforcement Bar | Kg. | १६४.४७ | १७१.८५ | १९७/६२ | २५/७७ | ४२३८ |
| 20mm Cement Plaster in floor (1:4) | Sq.m. | ४४.७२ | ८८१/- | १०१३/१५ | १३२/१५ | ५९१० |
| 3mm thick Punning (1:1) | Sq.m. | २२.०७ | ५१६ | ५९३/४० | ७७/४० | १७०८ |
| | | | | | **जम्मा** | **११५,०४४/-** |


| आइटम | एकाई | परिमाण | ओभरहेड बाहेकको दर | भुक्तानी दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| E/W in Excavation in Foudation | Cu.m. | ५३५.६० | ४४३/४२ | ५०९/९३ | ६६/५१ | ३५६२३ |
| Earth Back filling | Cu.m. | ४८६ | ३२०/- | ३६८/- | ४८/- | २३३२८ |
| Stone Soling | Cu.m. | २.५२ | ३९८२/५० | ४५७९/८७ | ५९७/३७ | १५६५ |
| Stone Masonary (1:4) | Cu.m. | १०.२८ | १७९९७/१४ | २०६९६/७१ | २६९९/५७ | २७७५२ |
| PCC M10 (1:2:4) | Cu.m. | २.६२ | ३६५६५/३० | ४२०५०/०९ | ५४८४/७९ | १४३७० |
| Form Work | Cu.m. | ६.०५ | ६०५/७७ | ६९६/६४ | ९०/८७ | ५५० |
| Reinforcement Bar | Kg. | १६४.४७ | १७१.८५ | १९७/६२ | २५/७७ | ४२३८ |
| 20mm Cement Plaster in floor (1:4) | Sq.m. | ४४.७२ | ८८१/- | १०१३/१५ | १३२/१५ | ५९१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3mm thick Punning (1:1) | Sq.m. | २२.०७ | ५१६ | ५९३/४० | ७७/४० | १७०८ |
| | | | | | **जम्मा** | **११५,०४४/-** |

| | | |
|---|---|---|
| ३५. | गो.भौ.<u>१७१-०७५/१/२१</u>, **तरेक्पा–फाम्फोडाँडा गारेटो बाटो** निर्माण उपभोक्ता समितिलाई रु. २००,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्टोन सोलिङको मोटाइ ५० से.मी. राखेको पाइयो । अन्य योजनामा सोलिङको मोटाइ १५ देखि २० से.मी. सम्म हुने र अन्य योजनामा पनि सोही अनुसार भएकोमा यस योजनामा थप २० से.मी. मोटाइ राखी उक्त कार्यको परिमाण गणना गरेको कारणबाट २१७ मीटर लम्बाइ र ६० से.मी. चौडाइमा कार्य हुँदा ३९.६० घ.मी. बढी कार्य परिमाण गणना भएको छ । प्रति घ.मी. रु. २९१०।- का दरले थप रु. ११३,६६५।- भुक्तानी भएको सम्बन्धमा आधार तथा पुष्ट्याइँ पेश हुनुपर्ने रु. | १,१३,६६५.०० |
| ३६. | **घटी लम्बाइमा कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित सडक योजनामा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएको लम्बाइभन्दा घटी लम्बाइमा सडक खन्ने कार्य (रोड वे एक्साभेशन) भएको पाइयो । घटी लम्बाइमा कार्य भएको अनुपात अनुसार कार्य परिमाण गणना नगरी सोभन्दा बढी हुने गरी गरेको पाइयो । नापी किताबमा सडक खनिएको चौडाइ तथा उचाइ उल्लेख नगरी क्रस सेक्शन एरिया मात्र उल्लेख गरी लम्बाइले गुणा गरी कार्य परिमाण गणना गर्ने गरेकोमा सम्बन्धित चेनेजको क्रस सेक्शन ड्रइङ्ग समेत संलग्न गर्ने गरेको पाइएन । यसरी क्रस सेक्शन ड्रइङ्ग नहुँदा सडक खन्ने क्रममा चौडाइ वा उचाइमा के कति वृद्धि हुन गई घटी लम्बाइमा कार्य हुँदा पनि पुरै परिमाणको गणना हुन गएको हो, यकिन गर्न सक्ने अवस्था छैन । यसरी घटी लम्बाइमा बाटो कटिङको कार्य भएकोमा निम्नलिखित १ योजनाहरुमा सो अनुसार कार्य परिमाण गणना नगरी बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु. | ८८,८५७.०० |

| भौ.नं./मिति | सडक योजनाको नाम | लागत अनुमान/सम्झौता अनुसार | | नापी किताब अनुसार | | लम्बाइको अनुपातमा बढी परिमाण (घ.मी.) | दर रु. | थप रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लम्बाई (मी.) | एक्साभेशनको परिमाण (घ.मी.) | कूल लम्बाई (मी.) | एक्साभेशन को परिमाण (घ.मी.) | | | |
| ३६६-०७५/३/२५ | मूल सडकदेखि पञ्चेश्वरी हुँदै पावरहाउस मोटरबाटो | ८६० | ५२२१.४० | ५८० | ३८२०.४० | २९८.५९ | २९७/५९ | ८८,८५७/- |
| | | | | | | | **जम्मा** | **८८,८७५** |

| | | |
|---|---|---|
| ३७. | **सार्वजनिक खरिद कानूनको पालना स्थिति :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यस वर्ष कार्यालयले रु.३१,०५,२५९.०० को मालसामान टुक्रा परी सोझै खरिद गरेको प्रारम्भिक प्रतिवेदनमा कायम बेरुजु आगामि दिनमा सुधार गरीने गरी गाउँ सभाबाट नियमित गरेको छ । त्यसैले तोकीए बमोजिम खरिद कानुनको पालना गर्नेतर्फ भएको ध्यान दिनु पर्छ । | |
| ३८. | **बढी भुक्तानी :** गो.भौ.४६-०७४/११/२८, सिलबन्दी दरभाउपत्रको माध्यमबाट विभिन्न फर्निचर मालसामान खरिद वापत सुवास जेनेरल सप्लायर्स, ताप्लेजुङलाई रु. १२,७९,२५०। भुक्तानी गरी खर्च लेखेको बिल, भर्पाई परीक्षण गर्दा उक्त फर्मसँग भएको खरिद सम्झौता तथा मू.अ.कर बिजक अनुसार रु. १०,९०,४५०।- मात्र खर्च लेख्नु देखिन्छ । सो अनुसार रु. १,८८,८००। बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | १८८,८००.०० |
| ३९. | **सवारी साधन खरिद** : स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति | |

हस्तान्तरण सम्बन्धिी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँ पालिकाले यस ६ थान वर्ष मोटरसाइकल खरिद गरी निम्नानुसार रु. २३ लाख ४८ हजार खर्च खर्च लेखेको छ । गाउँपालिकाको आफ्नो आन्तरिक आय करिब रु.७० हजार मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको उपयुक्त देखिएन ।

| गो.भौ.न./मिति | विवरण | कम्पनी/क्षमता | संख्या | रकम रु. | आपूर्तिकर्ताको नाम |
|---|---|---|---|---|---|
| ०३-०७४/७/२४ | मोटरसाइकल | Honda, XR, 150 cc | ४ | १९१८,०००/- | बुद्ध इण्टरप्राइजेज, बिर्तामोड |
| ०४-०७४/८/२७ | मोटरसाइकल | Honda, XR, 150 cc | २ | ४८०,०००/- | |
| | | जम्मा | ६ | २३,९८,०००/- | |

## ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)

४०. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष गाउँपालिकाले रु.१,१७,७७,६००.०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

४०.१ (क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन ।

(ख) ५ नं वडा बाहेकका वडाहरुमा वडा अध्यक्ष मार्फत भत्ता वितरण हुने गरेको छ ।

(ख) लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको संख्या यकिने र स्पष्ट हुने अद्यावधिक विवरण उपलब्ध हुन सकेन ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ अनुसार तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

(घ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छैन ।

त्यसैले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिने यसको गाउँपालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

४०.२ गाउँपालिकाले यस बर्ष वितरण गरेका सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण देहाय बमोजिम छ ।

| २०६८ को जनगणना अनुसार गा.पा.को कूल जनसंख्या | लाभग्राही को संख्या | सामाजिक सुरक्षा रकम (रु.हजारमा) | | | गा.पा.को कुल जनसंख्याको तुलनामा लाभग्राही प्रतिशत |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमाशिक | |
| ९१६० | ६७३ | ३९६५ | ३९४४ | ३८६९ | ७.३५ % |

४१. **बढी भुक्तानी :** लगत कट्टा भएका लाभग्राहीको नाममा भुक्तानी, दोहोरा भत्ता वितरण भएको, वडामा रहेका लाभग्राहीको संख्या भन्दा बढी निकासा माग, बुझेका भरपाई विना खर्च लेखिएको तथा भत्ता विरण गरेको भरपाई भन्दा बढी फछ्र्यौट भएको तपसिल बमोजिमको रकम एकीन गरी सम्बन्धित पदाधिकारीबाट असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. २४७२००.००

| सि. नं | पद/नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | ४ नं. वडाका वडा अध्यक्ष श्री भिम बहादुर लिम्बु | तेस्रो चौमासिकको भत्ता विरण तथा पे.फ गर्दा संलग्न भरपाईमा भन्दा २ जना बढी जेष्ठ नागरिक देखाईएकोमा असूल गर्नुपर्ने रु. | १६०००.०० |

| | | | |
|---|---|---|---|
| २ | ४ नं. वडाका वडा अध्यक्ष श्री भिम बहादुर लिम्बु | प्रथम चौमासिकको भत्ता विरण तथा पे.फ गर्दा संलग्न भरपाई भन्दा २३ जना बढी देखाईएकोमा असूल गर्नुपर्ने रु. | ११९२००.०० |
| ३ | ४ नं. वडाका वडा अध्यक्ष श्री भिम बहादुर लिम्बु | दोस्रो चौमासिकको भत्ता विरण तथा पे.फ गर्दा संलग्न भरपाई भन्दा २१ जना बढी देखाईएकोमा असूल गर्नुपर्ने रु. | ११२०००.०० |
| | | **जम्मा** | **२४७२००.००** |

## ब.उ.शि.नं. ८०१४०२३ सर्शत अनुदान शिक्षातर्फ

४२. **विद्यालयगत निकासा रजिष्टर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ

४३. **बढी तलब निकासा :** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा मन्त्रालयबाट स्वीकृत दरबन्दी भन्दा बढी शिक्षक नियुक्ति गर्ने, त्यस्ता शिक्षकलाई तलब निकासा दिने कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा भएको रकम सम्बन्धित पदाधिकारीबाट असूल उपर गरिने व्यवस्था छ । कार्यालयबाट निम्नलिखित विद्यालयलाई बढी निकासा भएको देहाय बमोजिमको रकम असूल उपर गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. **४८३५९८.५०**

| क्र.स | विद्यालयको नाम र ठेगाना | विवरण | निकासा रु. भएको | हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | श्री साँवा माध्यामिक विद्यालय, मिक्वाखोला ४ | आर्थिक वर्ष भरी शिक्षक श्री वसन्त कुमार चौधरीको पारित तलबी प्रतिवेदन अनुसार १ ग्रेड बराबरको रकम बढी भुक्तानी | ६१५२८ | ४६९८५ | १४५४३ |
| २ | श्री राजेश्वरी आधारभूत विद्यालय, पापुङ्ग | शिक्षक श्री पासाङ्ग नुर्पु शेर्पा मिति २०७४/०९/२१ रमाना भइ जाँदा रमानामा प्रथम चौमासिक सम्मको तलब भत्ता निकासा भनीएको तर दोस्रो चौमासिकमा भूक्तानी भएको रु. | ४६३९९ | ० | ४६३९९ |
| ३ | श्री मोती माध्यामिक विद्यालय, खोक्लिङ्ग | शिक्षक श्री रमेश थापाको नाममा निकासा माग भएकोमा निजलाई रकम बुझाएको भपाई तथा तलब भत्ता बैंक जम्मा भौचर नरहेको साथै दोस्रो चौमासिकमा पनि निजको नमाममा रकम माग गरेकोमा स्रोत व्यक्तिको स्थालगत अनुगमनका क्रममा निज विद्यालयमा अनुपस्थित देखिएको | १४०१५६ | ० | १४०१५६ |
| ४ | श्री मोती माध्यामिक विद्यालय, खोक्लिङ्ग | शिक्षक श्री बहमदेव यादव प्रथम चौमासिक मै सरुवा भै गएको निजको नाममा निकासा माग भएको तथा निजलाई रकम बुझाएको भपाई तथा तलब भत्ता बैंक जम्मा भौचर नरहेको साथै तेस्रो चौमासिकमा पनि निजको नमाममा रकम माग गरेकोमा स्रोत व्यक्तिको स्थालगत अनुगमनका क्रममा निज विद्यालयमा अनुपस्थित देखिएको | २८२५०० | ० | २८२५०० |
| | | **जम्मा** | **५३०५८३** | **४६९८५** | **४८३५९८** |

४४. **निजी शिक्षकको तलब :** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा मन्त्रालयबाट स्वीकृत दरबन्दी भित्र रही शिक्षक नियुक्ति गर्ने र तलब निकासा दिने व्यवस्था गरेको छ । तर मिति २०७५/०१/२८ गते बसेको दोस्रो गाउँ सभाको निर्णय अनुसार जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त शिक्षक दरबन्दी भन्दा बाहिर निजी स्रोतमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा अन्य प्रशासनिक खर्च बापत रु.२५ हजार देखि रु.९ लाख ५२ हजार सम्म गरी २० विद्यालयलाई रु.३८ लाख ६८ हजार निकासा दिएको छ । संघीय सरकारका सर्शत अनुदानबाट स्वीकृत दरबन्दीका शिक्षकको लागि तलब भत्ता, प्रशासनिक खर्च, विद्यार्थि छात्रावृति, पाठ्यपुस्तक

लगायतका अन्य आवश्यक रकम निकासा भई रहेको अवस्थामा गाउँपालिकाबाट पुनः सोही विद्यालयहरुमा निजी स्रोतमा कार्यरत शिक्षक, कर्मचारीका तथा प्रशासनिक खर्चको लागि रकम निकासा दिदाँ दोहोरो पर्न सक्ने तथा सो रकमको सहि सदुपयोग भए/नभएको सम्बन्धमा कार्यालयले अनुगमन समेत गरेको पाईएन । त्यसैले गाउँपालिकाले यस्ता खर्च नियन्त्रण तर्फ ध्यान दिनुपर्दछ ।

४५. **छात्रवृति तथा पाठ्यपुस्तक वितरण :** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार कुनै पनि छात्रवृत्ति, पाठ्यपुस्तक, बुक कर्नर लगायतका अनुदान दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब. मा छात्रवृत्ति वापत ३६ विद्यालयलाइ रु.५,००,९००.०० निकासा दिएको छ । तर उक्त निकासा भएको तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनु पर्दछ ।

## सर्शत अनुदान स्वास्थ्यतर्फ

४६. **असूल गर्नुपर्ने :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पर्याप्त आधार प्रमाण राखि रित पुगेको अवस्थामा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट तपसिल बमोजिमको भुक्तानी सम्बन्धित कर्मचारीबाट असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. १३,२००.००

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | स्वा.स.श्री ललित नारायण यादव मिति २०७४ पौष ७ देखि १२ सम्म कार्यालयमा हाजिर रहेको अवस्थामा भूक्तानी भएको भ्रमण भत्ता रु. | ८४००.०० |
| २ | स्वा.सं श्री ललित नारायण यादवको कार्यक्रम पेश्की फछ्र्यौटमा कर कट्टी दाखिला नभएको रु. | ४८००.०० |
| | **जम्मा** | **१३२००.००** |

## आन्तरिक आयतर्फ

४७. **राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष आन्तरिक आय वापत रु.७०,५३३.०० आम्दानी गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- गाँउपालिकाले नगदी रसिद नियन्त्रण खाता राखेको छैन । जसबाट छपाई भएका, प्रयोग र बाँकी रहेका नगदी रसीदको अद्यावधिक अभिलेख यकिन गर्न सकिएन ।
- लेखापरीक्षणको क्रममा गाउँपालिका र अर्न्तगतका वडा कार्यालयबाट भएको राजस्व आम्दानीको स्पष्ट विवरण देखिने गरी अभिलेख राखेको छैन ।
- कार्यालयले एकीकृत सम्पत्ति करको प्रोफाइल तयारीका लागि यस आ.ब. मा रु.१२,००,०००।०० खर्च गरेको छ ।

४८. **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७९०१३२५२.३२ | ७०५३३.०० | ०.०३९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.०३९ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै हुन सक्ने चुहावट नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ ।

४९. **वित्तीय जवाफदेहिता :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको

| | | |
|---|---|---|
| | वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले **"सी"** ग्रेडिङ्ग प्राप्त गरेको छ। अत वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ। | |
| ५०. | **बेरुजू -** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.२२ लाख ६५हजार, अनियमित बेरुजू रु.५० लाख ९७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.७ लाख २१ हजार र पेश्की बाँकी देखिएको रु.४० हजार समेत रु.८१ लाख २५ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.५० लाख ६३ हजार फछ्र्यौट भई रु.३० लाख ६२ हजार बेरुजू कायम भएको छ। | |
| ५१. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : **(रु.हजारमा)** | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ४६३२ | २७२१ | १९११ |

| | | |
|---|---|---|
| ५२. | **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : : **(रु.हजारमा)** | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी C | यो वर्षको सं. प.बाट कायम बेरुजू (D) | यो वर्षको कायम बेरुजू (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १९११ | ० | ३०६२ | ४९७३ |

**अनुसूची– १**

# मिक्वाखोला गाउँपालिकाको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४/७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | ताप्लेजुङ्ग | मिक्वाखोला गाउँपालिका | ३४ | २९ | ८१२५ | ० | १० | ५०६३ | ३४ | २२ | ३०६२ | २४७६ | ० | ५४६ | ० | ० | ३०२२ | ० | ४० | ४० |
| | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची- २**

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

**प्रदेश नम्बर :- १**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | मिक्वाखोला गाउँपालिका | ताप्लेजुङ्ग | ५२०४ | १२०६५० | ७५९६९ | ३३०५ | १९९९२४ | ९२४६५ | ८६५४८ | ० | १७९०१३ | २६११५ |
| | | | | | | | | | | | | |